# सम्पादकीय

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नियमित प्रकाशित हुने प्रशासन जर्नल प्रकाशनको १३७औं अङ्कसम्म आइपुग्दा यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्राज्ञिक जर्नलको रूपमा स्थापित गर्न मन्त्रालयबाट प्रशासन जर्नल प्रकाशन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत भएको छ। सार्वजनिक प्रशासन तथा सार्वजनिक व्यवस्थापन, सार्वजनिक नीति तथा विकास नीति, विकास प्रशासन तथा व्यवस्थापन, आर्थिक तथा सामाजिक विकास, शासन प्रणाली, शासकीय सुधार, सुशासन, सार्वजनिक सेवा प्रवाह, सार्वजनिक प्रशासनमा सदाचार, शिष्टाचार र सकारात्मक सोच लगायत समसामयिक अन्य विषयहरूलाई जर्नलमा समावेश गर्ने कार्यविधिको व्यवस्थाबमोजिम विभिन्न विचारमूलक तथा अनुसन्धानमूलक/तथ्यमूलक लेख पाठकसमक्ष पुऱ्याउन पाउँदा हामीलाई अत्यन्त खुसी लागेको छ।

डिजिटल डिभाइसहरूको बढ्दो प्रयोगको कारण विश्वव्यापी रूपमा पढ्ने बानी व्यवहारमा आइरहेको कमीलाई समेत मध्यनजर गरी सार्वजनिक चासो र सरोकारहरूलाई नजिकबाट नियाल्दै आउनु भएका बौद्धिक पाठकहरूको पहिलो रोजाइमा यस जर्नललाई पुऱ्याउन समयानुकूल परिमार्जन र परिस्कृत गर्दिंदै आइएको छ।

जर्नलमा प्रकाशित लेख/रचनाको विषयविज्ञ समीक्षा (Peer Review) तथा बौद्धिक चोरी परीक्षण (Plagiarism Check) सहित प्रकाशित गर्दा यो प्राज्ञिक क्षेत्रको पनि रोजाइमा पर्ने विश्वास हामीले लिएका छौं। प्राज्ञिक क्षेत्रको पहुँचमा पुऱ्याउन जर्नललाई विगतदेखि नै NepJOL (Nepal Journals Online) मा आबद्ध गरिएको छ। यसले गर्दा जर्नलप्रतिको रुचिमा बढोत्तरी भएको हामीले पाएका छौं। यस अङ्कका लेखहरूको भाषा सम्पादन गरिदिनु भएका त्रिभुवन विश्वविद्यालय, भाषाविज्ञान केन्द्रीय विभागका उपप्राध्यापक डा. भीमलाल गौतमप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

आगामी दिनमा यस जर्नललाई अझ उन्नत बनाउन सार्वजनिक प्रशासनसम्बद्ध अध्ययन अनुसन्धानमा रुचि राख्ने सबै बौद्धिक वर्ग तथा पाठकहरूका पृष्ठपोषण, सद्भाव र सहयोग हाम्रा लागि मार्गदर्शन हुनेछन्।